यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५



राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ७६ ○श्रेणी 'क' ○२०७३ पुस १ गते शुक्रबार ○16 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-



यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५


### राप्रपाको पश्चिमाञ्चल क्षेत्रीय एकता घोषणासभा पोखरामा

## देश बचाउन सबै लाग्नुपर्नेमा जोड



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले देशलाई टुक्र्याउन होइन अब बचाउन लाग्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीको पश्चिमाञ्चल विकास क्षेत्र स्तरीय एकीकरण घोषणासभालाई सम्बोधन गर्दै थापाले देश टुक्र्याउन एउटा सानो समूह लागेको बताउँदै देश बचाउन सबै लाग्नुपर्नेमा जोड दिएका हुन् ।

उनले सानो समूहको मागलाई बेलैमा संबोधन गर्नुपर्ने बताए। दल र नेताको अर्कमण्यताले देशमा २०५२ सालमा सानो समूहले गरेको युद्व ठूलो जनयुद्वमा पुगेको उदाहरण दिँदै उनले देशलाई टुक्र्याउनुपर्छ भन्ने सानो समूहलाई मिलाएर अगाडि बढ्नुपर्ने बताए।

उनले देश टुक्र्याउन खोज्नेहरू सक्रिय भएकाले यसबाट जोगाउनकै लागि दुई पार्टी एक भएको बताए। उनले देशमा बाह्य शक्तिले खेल खेल्न सक्ने भन्दै राष्ट्रिय एकताका लागि सबै एक जुट हुनुपर्ने बेला आएको स्पष्ट पारे । उनले नेपालमा पैसाको आडमा धर्म परिर्वतको लहड चलाएको आरोप लगाए। धर्मपरिर्वत गर्नेमा सबैभन्दा बढी जनजाति र दलित रहेको उनको भनाई थियो । उनले सरकारी उद्योगहरू कौडीको भागमा बिक्री गरेको आरोप लगाउँदै उद्योग बन्द हुँदा युवाहरु रोजगारीका लागि विदेश जान बाध्य भएको बताए।

दुई पार्टीको एकीकरण यतिकै नभएको भन्दै देश बचाउने र देश विकास गर्ने भन्दै उनले देश हेरक दृष्टिले संकटमा रहेको भन्दै सचेत हुन सुझाए। थापाले देश आर्थिक संकटमा फसेको समेत उल्लेख गरे । आर्थिक संकट टार्न र समृद्ध नेपालको निर्माण गर्ने ताकत राप्रपासंग मात्र रहेको उनले प्रष्ट पारे । राप्रपाले राष्ट्रिय मेलमिलापको सिद्धान्तलाई अंगीकार गरेको बताए । उनले भने,'पार्टी राष्ट्रिय मेलमिलापको पक्षमा छ ।' एकीकरणबाट नेपाली जनताले खोजेजस्तै बिकल्पको आड भरोसाको पार्टी बन्ने बताए । उनले राप्रपा साँच्चिकै नेपाली जनताको आड भरोसाको पार्टी बन्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा पार्टीका राष्ट्रिय अध्यक्ष पशुपति शम्शेर जंगबहादुर राणाले देश अहिले रणभूल्लमा परेको भन्दै नयाँ नेपाल नारामा मात्र सीमित भएको बताए । उनले देश बनाउन नयाँ सोच अनुसार अगाडि बढ्नु आवश्यक रहेको बताए । देश विकासका लागि अहिले शक्तिशाली राष्ट्रवादी पार्टी आवश्यक रहेको भन्दै त्यो पार्टी राप्रपा भएको उनले जिकिर गरे। देशको पहिचान ल्याउने हो भने हिन्दूधर्मलाई संविधानमा नै लेखिनु पर्नेमा जोड दिँदै नेता राणाले हिन्दूधर्म हुँदा अन्य धर्मलाई कुनै बाधा नपरेको स्पष्ट पारे । उनले हिन्दू राष्ट्र कायम गर्न सरकारसँग माग समेत गरे। कार्यक्रममा विभिन्न तहका नेताहरुले संबोधन गर्दै सरकार बनाउन दक्षिण र उत्तरको आशिर्वाद खोज्नुभन्दा जनताको आशिर्वाद लिन नेताहरुलाई सुझाव दिए ।

पार्टीका वरिष्ठ नेता डा. प्रकाशचन्द्र लोहनीले संविधान कार्यान्वयनमा अझै अन्योल र अस्थिरता देखिएकामा चिन्ता व्यक्त गर्दै अहिले देखिएको सङ्कटबाट देशलाई समाधान दिन राप्रपा सक्षम हुने जिकिर गरे । विदेशीसंग लम्पसार नपरी शासन गर्न सकिदैन भन्ने मानसिकताले ठूला राजनीतिक दलका नेताहरुमा बिद्यमान रहेको उनले सुनाए । 'उनीहरुले नेपाली जनतासंग आशिर्वाद माग्दैनन्' उनले भने- 'बरु विदेशीसंग लम्पसार परेर उत्तर र दक्षिण तथा पूर्व र पश्चिमका मुलुकहरुसंग आशिर्वाद माग्छन् ।'

पार्टी महामन्त्री एवम् आपूर्तिमन्त्री दीपक बोहोराले देशमा बिग्रिएको अर्थतन्त्र सुधार्न र सुशासन कायम गर्न राप्रपाले अभियान थाल्ने जानकारी दिए । महामन्त्री एवं भूमिसुधार तथा व्यवस्थामन्त्री विक्रम पाण्डेले राष्ट्रवादी शक्तिको शिर झुक्न नदिने गरी आफूले काम गर्ने बताए ।

पार्टीका केन्द्रीय उपाध्यक्ष दिपक बोहराले प्रजातन्त्रका नाममा लुटतन्त्र चलेको आरोप लगाउँदै देशलाई बिकल्प दिनुपर्नेमा जोड दिए । अर्का केन्द्रीय उपाध्यक्ष राजिव पराजुलीले ०६२/०६३ को परिवर्तनपछि नेपाली जनताले चाहेको समृद्धि, बिकास र शुशासनको चाहनामाथि तुषारापात भएको बताउँदै जनताको चाहना पूरा गर्ने जिम्मेवारी राप्रपामाथि आएको बताए ।

अर्का केन्द्रीय उपाध्यक्ष बुद्धिमान तामाङले राष्ट्रिय प्रजातन्त्र पार्टी सबैको साझा पार्टी भएको बताउँदै हिन्दु धर्मको संरक्षणमा लाग्न आग्रह गरे । अर्का केन्द्रीय उपाध्यक्ष निरञ्जन थापाले परम्परादेखि चलिआएको हिन्दु धर्म र रीतिरिवाजलाई हटाउने षडयन्त्र गरिएकाले राष्ट्रमा संकट आएको उल्लेख गरे । घोषणसभालाई पार्टीका महामन्त्रीहरु बिक्रम पाण्डे र ध्रुबबहादुर प्रधान, सांसद कुन्तीकुमारी शाही, केन्द्रीय सदस्यहरु दुर्गा श्रेष्ठ, भीमप्रसाद गौचन, तोरणबहादुर गुरुङ, पूर्व केन्द्रीय सदस्य बिष्णुकुमारी गुरुङ, घोषणासभाका संयोजक कुलबहादुर गुरुङ 'कुलु' र राप्रपा युवा संघका केन्द्रीय सचिव हिक्मत कार्कीले बोलेका थिए ।

राप्रपा पश्चिमाञ्चल क्षेत्रका संयोजक हेमजङ गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा घोषणा मूल आयोजक समितिका सह-संयोजक जयलाल पुनले स्वागत मन्तव्य र कास्कीका पार्टी नेता जेबी कुँवरले कार्यक्रम सञ्चालन गरेका थि । कार्यत्रमअघि पोखराको पृथ्वीचोक बाट निस्केको पदयात्रा नगर परिक्रमापछि चिप्लेढुङ्गामा पुगेर सभामा परिणत भएको थियो ।

## 'ड्राइभिङ्ग स्पट' हटाउने विषयमा विवाद

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

पोखरा रंगशाला भित्र करिब १२ वर्षदेखि गाडी सिक्ने थलोको रुपमा परिचित रहँदै आएको मुख्य थलोलाई अब हटाइने भएको छ । सातौं राष्ट्रिय खेलकुदलाई मध्ये नजर गर्दै १५ दिनका गाडी नचलाउन जिल्ला खेलकुदले पत्र पठाएको र पुष १५ सम्म मात्रै थाँती राखेको ड्राइभिङ्ग स्कुल संघ गण्डकीका अध्यक्ष तुल बहादुर ठकुरीले बताए ।

उनले भने-'हाम्रो सम्झौता २०७५ असार मसान्त सम्म छ र अहिले बढेको प्रतिशत अनुसार करिब ५० हजार मासिक भाडा जिल्ला खेलकुदलाई वुझाउँदै आएका छौं ।' यति बेला ५० भन्दा वढी मोटरसाइकल र ३० वटा कारले विहान पाँच वजे वाट साँझ ६ वजेसम्म नै गाडी सिक्न आउनेको भिड रंगशालामा देख्न सकिन्छ । रंगशालामा करिव २६ वटा व्यवसायिक ड्राइभिङ्ग इन्स्टिच्यूटहरुले सिकाउँदै आएका छन ।

'लामो समय देखिको विवादीत वन्दै आएको उक्त स्थान बाट अव १५ दिनलाई मात्र होइन सदाका लागि वन्द गरिनु पर्छ' लन टेनिस संघका अध्यक्ष विनोद कायस्थले वताए । 'गाडी चलाउँदा उडेको धुलोले लाखौं खर्च गरेर बनाएको कोर्ट समेत खैरो भइसक्यो, नत कतै वस्न नै मिल्छ'। उनले भने- 'हजारौं खर्च गरेर लगाइएका रुखका विरुवा समेत मर्न लागे, धुलो पखाल्न मात्रै मासिक १५ हजार रुपैयाँको पानी किन्नु पर्छ ।'

'त्यति मात्रै होइन लन टेनिस सिक्न आउनेहरु माक्स लगाएर खेलनु परेपछिको गति के होला ?' संघका सचिव लोक गुरुङ्गले भने । 'पुष १ बाट वन्द नगरे हामीले केही न केही त गर्छौं अव संधै यसरी हुँदैन ।' अव पनि गाडी वा मोटरसाइकल सिक्न आए वाटोमा अवरोध गरिने उनले वताए ।

आर्चरी संघ कास्कीका अध्यक्ष योगेन्द्र शेरचनका अनुसार १२ लाख खर्चेर बनाएको तार जालीको बार हालत कहिं कतै पनि सद्धे छैन चारै तिर भत्किएको छ । 'संघको शौचालय देखि सवैकुरा गाडी सिक्न आउनेहरुले सर्वनाशै पारे कसलाई भन्ने?' उनले भने-'भोलिदेखि सदाका लागि बन्द नगरे अव अवरोध गर्नेको विकल्प नै छैन ।' त्यस्तै हालत क्रिकेटको पनि छ । विश्वकै उत्कुष्ट मानिएको क्रिकेट मैदानको पश्चिम पट्टिको तारवार प्राय: भत्किइसकेको छ ।

लामो समयदेखि विवादित ड्राइभिङ्ग सिक्ने थलोले पोखरा रंगशाला कुरुप बन्दै गएको विषयमा राष्ट्रिय खेलकुद परिषद, क्षेत्रिय खेलकुद र जिल्लाको निकाय जिल्ला खेलकुद विकास समितिलाई भने खासै चासो भएको देखिदैन । सीमित भाडाका लागि ड्राइभिङ्ग सिक्ने थलो त कहिले मेला र लाहुरे तालिमका कारण रंगशाला बदनाम हुन थालेको छ । यसमा खेलकुदका पदाधिकारीलाई खासै चिन्ताको विषय नभएको पनि प्रष्ट हुन्छ ।

टेनिस संघका सचिव गुरुङ्ग अभिभावकले १५ वर्ष भन्दा मुनिका खेलाडीलाई टेनिस सिक्न पठाउन छाडेको गुनासो गर्दै थिए।

उनले भने-'उनीहरुलाई यहाँको ड्राइभिङ्गका कारणले अभिभावकले पठाउनै छोडे जसका कारण भोलिका लागि खेलाडी उत्पानदमा समेत नकारात्मक प्रभाव परेको छ।'

जिल्ला खेलकुद हटाउन जाँदा पटक-पटक २०७३ मंसिर ३० गते सम्मको सम्झौता देखाई टारेको आर्चरी संघका अध्यक्ष शेरचनले वताए। तर ड्राइभिङ्ग एशोसिएशनले २०७५ असार मसान्तसम्म आफ्नो म्याद रहेको जनाएको छ ।

जिल्ला खेलकुदका कार्यालय प्रमुख बरालले सम्झौता २०७४ असार मसान्तसम्म रहेको वताए । सम्झौताको कुरामा समेत जिल्ला खेलकुद र संघहरुका बीच मनमुटाव बढ्दै गएको प्रष्ट हुन्छ ।

पोखरा रंगशालामा आम्दानी गर्ने विकल्प धेरै नै रहे पनि किन यही कुरालाई मात्र अगाडि वढाँउछ पक्कै पनि त्यसमा 'दालमे कुछ काला है' कायस्थ भन्छन-'पक्कै पनि केही तल माथि नभएसम्म यो कुरा सम्भव नै छैन ।' तर यसमा कार्यालय प्रमुख बरालले जे जस्तो सम्झौता भए पनि सातौ राष्ट्रिय खेलकुद पछि बोर्डको वैठक बसेर निर्णय गरिने बताए ।

'निर्णय आउँछ त्यो सकारात्मक नै हुने छ उनले भने ।' तर वरालको कुरामा, संघका पदाधिकारीहरु भने शंसकित नै छन । जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले पनि गाडी सिक्ने स्थान हटाउने कुरा सत्य नभएको बताएका छन् ।


राष्ट्रिय औद्योगिक व्यापार
मेला २०७३-पोखरा

मेलामा आजका विशेष आकर्षणहरू

लोकदोहोरीतर्फ : राजु गुरुङ, प्रजापति पराजुली, शंकर विरही गुरुङ, सुरेन्द्र गुरुङ, प्रदीप त्रिपाठी, लक्ष्मी ढकाल, निषा पोखरेल, ज्ञानेश्वर सुवेदी, माधव चापागाइँ र सरस्वती लामिछानेको प्रस्तुति
पपतर्फ : लाहुरे एण्ड व्याण्ड/आर भी न्यापटर्सको साथमा अन्य कलाकार।
हास्यतर्फ : पुरुषोत्तम भण्डारी (पुर्खे बा)को प्रस्तुति।
साथमा
❖पिसिसिआइ गायन ताराको नियमित प्रस्तुति।
विशेष आकर्षण
विभिन्न डान्स स्कूलको
नृत्य प्रस्तुति

बिस्तृत जानकारीको लागि:
पोखरा उद्योग वाणिज्य संघ,गैह्रापाटन, पोखरा
फोन नं.: ०६१-५२०२६४, ५२२२६४, ५२५२६४ फ्याक्स नं.: ०६१-५२१०८४


## 'किसानमैत्री राज्यका लागि समन्वय आवश्यक'

**पोखरा ३० मंसिर ।(गोल्डेन)**

नेपाली कांग्रेस निकट कृषकहरुको संस्था नेपाल किसान संघ कास्की क्षेत्र नं. ३ को क्षेत्रीय समितिमा निर्वाचित पदाधिकारीहरुको पदस्थापन बिहीबार सम्पन्न भएको छ । नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा.शेखर कोइरालाको उपस्थितिमा उनीहरुलाई पदवहाली गराइएको हो । कार्यक्रममा बोल्दै कांग्रेस नेता कोइरालाले ले कृषिको विकासका लागि राज्यको नयाँ सोच आवश्यक भएको बताएका छन्। किसान र राज्यका बीचको दुरी अझै कम हुन नसकेको बताउँदै उनले किसानमैत्री राज्यका लागि एकआपसमा समन्वय आवश्यक भएको बताए । उत्पादित वस्तुको सही मुल्य नपाउनु, ढुवानी, बजारीकरण जस्ता धेरै समस्याले कृषक ग्रसित बनेको बताउँदै उनले विद्यमान समस्याको समाधान गरेमा मात्र कृषि प्रति आकर्षण बढाउन सकिने स्पष्ट पारे । देशलाई राजनीतिक अस्थिरताबाट मुक्ति दिनु अपरिहार्य भएको भन्दै नेता कोइरालाले आगामी १३ महिना भित्र तीन तहका निर्वाचन गर्न नसकेमा संविधानको कार्यान्वयन प्रभावित हुने तर्फ दलहरू गम्भीर बन्नुपर्नेमा जोड दिए। नेपाली काँग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले दलहरूका घोषणापत्रमा कृषि केन्द्रित विभिन्न विषय समेटिए पनि तिनै दल सरकारमा रहँदा ती विषयवस्तुको कार्यान्वयन नहुने गरेको वास्तविकतामा कृषकहरूले आफ्ना हक हितका लागि जवरजस्त आन्दोलन गर्नुको विकल्प नभएको बताए ।

नेपाली काँग्रेसका नेता शुक्रराज शर्माले किसानहरू आफ्ना हक हितका लागि संगठित बन्नुपर्नेमा जोड दिदै पछिल्ला समयमा खेतीयोग्य जमिनहरू मासिने क्रम बढ्नु चिन्ताको विषय भएको बताए । सांसद शारदा पौडेलले कृषिको विकासका लागि किसान मैत्री नीति नियम ल्याउनु पर्नेमा जोड दिइन। नेपाल किसान संघ कास्कीका सभापति भेषराज पराजुलीले राज्य अझै कृषक मैत्री बन्न नसकेको बताउँदै कृषक मैत्री नीति निर्माण तथा त्यसको कार्यान्वयन वर्तमानको आवश्यकता भएको स्पष्ट पारे । कार्यक्रममा नेपाल किसान संघ कास्की क्षेत्र नं ३ का सभापति विश्वराज आचार्य, प्रा.डा. भुपती ढकाल कमल, नेपाल महिला संघ कास्कीकी सभापति कोपिला रानाभाट, प्र.डा. रामचन्द्र पोखरेल, तारा पाखे, प्रेमनाथ बराल, लगायतले कृषिप्रधान देश नेपालमा आधुनिक कृषिको विकासबाट मात्रै देश आत्मनिर्भरतातर्फ लम्कनुपर्नेमा जोड दिएका थिए ।





ग्राहक वर्गमा खुशीको खबर

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरेधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलव्ध छ।

❖मूल्य : रू. ११.५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.
अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी ब्रिक सप्लायर्स
पोखरा-८, सृजनाचोक, फोन : ०६१-५३४२३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८

गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।

कोरियन भाषामा नयाँ भर्ना खुल्यो

Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

| | | | |
|---|---|---|---|
| कक्षा: विहान | ८-९ बजे | दिनमा | १-२ बजे |
| | ९-१० बजे | | ४-५ बजे |
| | | साँझमा | ५-६ बजे |

❖कक्षा सञ्चालन भैरहेको छ ।

सम्पर्क
अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया
ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)
पोखरा-४, सिद्धार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिब प्लाजा)
फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८

# कविता

## मेरो देश

✍भूपी शेरचन



जहाँ
हिउँ परेको रातमा
जून, धरतीलाई भेट्न
हिमकणहरुको साथमा
मुस्कुराउँदै ओह्रलो झर्छ,
र धरतीलाई सर्वाङ्ग हाँसेको पाएर
झन् बढी मुस्कुराएर
आकाशमा फर्कने गर्छ
जहाँ
आलुबखडाका हाँगा-हाँगामा
फुल्दछन् कुखुराका चल्लाहरु
जहाँ
मृगमरीचिका पछि लाग्नेहरुको यादमा
रुन्छन् धूपी र सल्लाहरु
जहाँ मुटुको स्पन्दनझैं उफ्री-उफ्री
खेल्छन् मृगशावकका हूल
जहाँ पहराबाट छहराले
खोलामा हाम्फाल्दछ
जहाँ- रातमा पनि हिमचुलीले
आँगनमा घाम पाल्दछ
जहाँ
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ
जहाँ
स-साना नदीहरुमा पनि
तूफानी समुद्रको वेग हुन्छ
जहाँ
बटुवालाई प्रत्येक भ्याङबाट
भ्याउँकीरीले गिज्याउने गर्छ,
प्रत्येक अँधेरी पँधेरोमा
जूनकीरीले ज्योति फिजाउने गर्छ
जहाँ शीतल हावामा बुई चढेर
कस्तूरीको सुगन्ध डुल्दछ
जहाँ
एकबाजि आएर
घर फर्कन वसन्त भुल्दछ
जहाँ
बटुवालाई भन्ज्याङमा रोकेर
हिमाल पङ्खा हम्कन्छ
जहाँ
एक-अर्काको मुख हेरेर
नीलगिरि र धालागिरि चम्कन्छ
जहाँ
प्रत्येक रातमा आकाशले
मङ्गल-दीप सजाउँछ
जहाँ प्रत्येक भोरमा धरतीले
एक गोरो छोरो जन्माउँछ
जहाँ
हरिया-हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ।
**(२०१७-सङ्गम)**

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष १ गते शुक्रबार, तदनुसार दिसेम्वर १६ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णापक्षको पूर्णिमा तृतीय अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।
**वृष** : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।
**मिथुन** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।
**कर्कट** : आफन्तसँग झगडा हुने, कार्यमा विध्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।
**सिंह** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।
**कन्या** : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।
**तुला** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।
**वृश्चिक** : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।
**धनु** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।
**मकर** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।
**कुम्भ** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।
**मीन** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# साहित्य/सिर्जना



## नियात्रा : दृश्य दर्शनको आनन्द

✍सृजन लम्साल

यसरी पनि जुट्दो रहेछ यात्राको अवसर ! यो यात्राको कल्पनासम्म पनि गरेको थिइनँ मैले । अचानक फोनको घन्टी बज्यो( काठमाडौंबाट विनोद दीक्षित बोल्नुभएको रहेछ । भन्नुभयो-'लम्सालजी ! हाम्रो दक्षिण भारततिर जाने कार्यक्रम छ । तपाईंको पनि टिकट भइसकेको छ, जानको लागि तयारी गर्नुस् ।' त्यो दिन हो २५ पुस २०६४ -एकाएक आइलागेको यात्राको यो अवसरले द्विविधा उत्पन्न गरायो । पर्सि हिँड्ने रे ! आज फोन आउँछ ! कसरी यति चाँडो तयारी गर्ने ? मैले तुरुन्त नगेन्द्रराज शर्मालाई फोन लगाएँ । 'डा. ध्रुवचन्द्र गौतम नजाने हुनुभयो, त्यो टिकटमा तपाईं जाने भएर हिँड्नुस् भनेर हो, के गर्नुहुन्छ ? पोहोर साल त जाने इच्छा व्यक्त गर्नुभएको थियो,' उहाँले भन्नुभयो । उहाँहरु प्रायः दक्षिण भारततिर गइरहनुहुन्छ । त्यसैले त्यस्तो यात्रामा मलाई पनि सामेल गराउनुस् न भनेर मैले पोहोर साल एउटा जमघटमा उहाँहरुलाई भनेको थिएँ । तर, अहिले डा. ध्रुवचन्द्र गौतम बनेर यात्रा गर्नका लागि आइलागेको अवसरको उपयोग गर्ने कि नगर्ने झट्ट निर्णय गर्न सक्दिनँ म । केही समय मन्थनिएपछि अन्ततः त्यो यात्रा फलदायि नै होला भन्ठानेर तनहुँ जानका लागि ठिक्क परेको म दक्षिण भारतको यात्रामा जान तम्सिएँ ।

यता जाडोको पारो चढ्दो अवस्थामा थियो । दक्षिणतिर भने जाडो नै हुँदैन भन्छन् । त्यसैले यात्रामा के-कस्ता लुगाफाटो लैजाने होला भन्ने उहापोह र बाटोखर्चको रन्कोमा बिते दुई दिन । त्यसका लागि पनि मैले नगेन्द्रराज शर्मासित सल्लाह लिएँ । उहाँले धेरै लुगाफाटा नबोक्न र स्लिपिङ ब्याग चाहिँ लिइराख्न सल्लाह दिनुभयो । उहाँहरुलाई मैले लखनउमा भेट्दा पनि हुन्थ्यो तर रेलको टिकट गोरखपुरदेखिको भएकोले मैले पनि एउटा तीरले दुइटा चरा मार्ने निधो गरेँ अर्थात् यात्राकै क्रममा भैरहवामा माइजूलाई पनि भेट्ने आफ्नो उत्कट इच्छा पूरा गर्ने विचार गरेर काशी जान कुतीको बाटो रोजेँ । पुस २७ गतेका दिन म भैरहवा जानका लागि घरबाट निस्केँ । कोहलपुरमा बस समात्ने विचारले स्थानीय बसमा चढेँ ।

त्यो बस पिपरी पुगेपछि एकाएक पाखा लागेर रोकियो । कोहलपुरमा चक्काजाम रहेछ । नेपालमा चक्काजामको रोगले दुनियाँलाई पिरोलेको छ । यो रोग हटेर जाला भन्यो, झन् झन् नयाँ रुप लिँदै गइरहेको छ । अलिकति केही भयो कि चक्काजाम हुन्छ । बाटामा कुखुराका चल्ला किचिए पनि चक्काजाम हुने गरेको छ अचेल । आज त झन् मान्छेकै बच्चा किचिएको छ । कोहलपुरमा एक जना विद्यार्थीलाई एउटा ट्रकले किचेको छ । त्यो ट्रकलाई, ट्रक चालकलाई वा ट्रकको मालिकलाई पक्रेर आवश्यक कानुनी कारबाही गर्नु, गराउनु नि ! किन चक्काजाम गराएर राजमार्ग नै बन्द गराएर दुनियाँलाई दुःख दिन्छन् । देशमा कानुन नै नभए जस्तो जसले जे मन लाग्यो, त्यही गर्छन् अचेल । समाजले अधिकार खोज्ने क्रममा कर्तव्य चाहिँ बिर्सँदै गइरहेको छ अचेल । आफूले गरेको कार्यबाट समाजलाई के असर पर्छ, त्यो कसैले पनि सोच्दैन । आफ्नो स्वार्थग मात्र हेर्दछ मान्छे ।

'प्रथम गासे मच्छिका पातः' भने झैं यात्राको साइतमै बाधा व्यवधान आइपरेकोले मेरो मन खिन्न हुन पुग्दछ । कोहलपुर पुग्न ४ कि.मि. बाँकी छ । त्यहाँसम्म पुग्न पाए त अगाडिका लागि केही व्यवस्था हुन सक्थ्यो कि भन्ने सोच्दा-सोच्दै संयोगवश एउटा रिक्सा फेला पर्दछ । त्यसैमा बसेर कोहलपुर चौराहासम्म पुग्दछु म । तीन घण्टासम्म कोहलपुर चौराहामा रुँगेर बस्दा पनि बाटो खुल्ने कुनै सम्भावना देखिएन । धेरैबेरपछि 'बुटवल बुटवल' भन्दै एकजना मान्छे चपरगौढीतिरबाट आयो । पूर्व जाने मान्छेहरु झोला बोकेर चपरगौढीतिर लागे । म पनि पछिपछि लागेँ ।

बुटवल जानका लागि उसको बसमा बसिसकेपछि पनि सिट नभरिएसम्म बस हिँडाउन आलटाल गरिरह्यो बसवालाले ! अगुल्टाले पोलिएको कुकुर बिजुली चम्कँदा तर्सन्छ भने झैं बन्दकर्ताहरु यहींसम्म आइपुग्छन् कि भन्ने भयले मेरो मन चस्चसी घोचिरह्यो । तर, बस भरिँदै गएकाले ११ बजेतिर बस हिँड्यो र सुविस्तारसाथ बुटवल पुऱ्यायो । बुटवलमा सुनौलीको बस समातेर म ठुटेपिपल उत्रेँ र त्यस दिन माइजूकहाँ बसेँ ।

माइजू कहाँ भेटघाट भलाकुसारीपश्चात् धेरै जनाले मेरो आगमनबारे प्रश्न गर्न थाले । प्रश्न अघि सार्नु स्वाभाविक पनि छ किनभने यति टाढाबाट बिना कामले त्यसै कोही पनि आउँदैन । मैले सोझो मनले यथार्थ कुरा भनेँ-दक्षिण भारततिर घुम्न जानका लागि आएको । मेरो भनाइमा सबै हाँसे । बिना कामले पनि कोही घुम्न जान्छ ? मेरो भनाइलाई कसैले पनि पत्याएनन् । पत्याऊन् पनि किन ? किनभने डुल्ने घुम्ने काम त नेपालीको हुँदै होइन । हामी कि त तीर्थयात्राका लागि जान्छौं कि त औषधि उपचारको लागि । मैले नेपाली मनोविज्ञान बुझेँ र भनेँ-'म त तीर्थ गर्न जान लागेको, कन्याकुमारी, रामेश्वरम् र पुट्टपर्ति !' त्यसो भनेपछि भने सबैले पत्याए । माइजूसँग भेट नभएको धेरै समय भएको थियो । राति अबेरसम्म उहाँसँग सुख-दुःखका गन्थनमन्थन भए । उहाँले वृद्धावस्थाका पीडाहरु व्यक्त गर्नुभयो । जो आम नेपालीहरुले बेहोर्न परिरहेको छ । एक रात बास बस्न आएको भानिजले के नै पो गर्न सक्थ्यो र ! तै पनि व्यक्त गरेपछि भित्रको पीडा कम हुँदो रहेछ क्यारे ! सन्तोष मानेर खुसी हुनुभयो । त्यसैबेला जापानबाट भतिज दीपकको फोन आयो । ऊसँग कुरा गर्दा बडो आनन्द आयो । पुस २८ गतेका दिन बिहामन ९ बजेतिर म होटल शान्तनुमा पुग्दछु र सहयात्री महानुभावहरुसँग सामेल हुन्छु । उहाँहरु भन्नुहुन्थ्यो-विनोद दीक्षित, नगेन्द्रराज शर्मा र ध्रुव सापकोटा ।

म त्यहाँ पुग्नेबित्तिकै विनोद दीक्षितले मलाई तुरुन्तै एउटा पदवी प्रदान गर्नुभयो । भन्नुभयो-'ल तपाईं हाम्रो यात्राको खजान्ची ।' काम जस्तै अप्ठेरो भए पनि म नाइँनास्ती गर्न सक्दिनथेँ । नगेन्द्रराज शर्माले मलाई एउटा नोटबुक र एउटा कलम दिँदै भन्नुभयो-'यो यात्रा-निबन्ध लेख्नका लागि ।' उहाँले विनोद दीक्षित र ध्रुव सापकोटालाई पहिले नै दिइसक्नुभएको रहेछ । लेखकहरुलाई उत्प्रेरित गर्ने उहाँको यो तरिका देखेर म धेरै प्रभावित भएँ र जे-जस्तो भए पनि यात्राबारे केही न केही लेख्ने अठोट गरेँ । हामी होटलबाट बाहिर निस्क्यौं । भैरहवा बजार डुल्यौं । पवन मिष्ठान्न भण्डारमा कफी खायौं । बाटोका लागि केही चमेना किन्यौं । त्यसपछि उहाँहरु कसैको निम्तामा दिवाभोज खान जानुभयो । म चाहिँ बैंकरोडस्थित थकाली होटल 'डाँफे' मा गएर खाना खाएँ । थकाली भोजनका परिकारहरुले उच्च आत्मसन्तुष्टि प्रदान गरे । दुई बजे हामी भैरहवाबाट प्रस्थान गऱ्यौं र दुई घन्टाभित्रै हामीलाई मारुती कारले गोरखपुर पुर्‍याइदियो । बाटो कटेको थाहै थिएन, आनन्दनगरमा खाएको केराको पकौडा स्वादिलो थियो । त्योभन्दा स्वादिला थिए काठमाडौंबाट आउनुभएका त्रिमूर्तिका चोटिला र मीठा ठट्टाहरु, हाँसोमै कट्यो बाटो । यात्राको टोली नेता विनोद दीक्षित हुनुहुन्थ्यो । उहाँलाई मैले भनेँ-'गोरखपुर पुगेपछि गोरखनाथ मन्दिर त जान पर्‍यो नि हैन सर !'

'हो हो जाने हो !' उहाले भन्नुभयो ।

गोरखपुर पुगेपछि सर्वप्रथम हामी नाथ सम्प्रदायका गुरु गोरखनाथको मन्दिरमा पुग्यौं । यिनै गुरु गोरखनाथका आशीर्वादले राजा पृथ्वीनारायण शाहले बृहत् नेपालको एकीकरण गरेका हुन् । नगेन्द्रराज शर्मा मन्दिरभित्र पस्नुभएन । हामी भित्रैसम्म गयौं र जोगी बाबाको दर्शन गऱ्यौं । मैले गुरु गोरखनाथसँग यात्राको सफलताको कामना गरेँ । 'अब गोलघर जाऔं, केही सामान नकिनी भा'छैन ।' विनोदजीले भन्नुभयो । गोलघर क्षेत्र पुरानो बजार रहेछ । त्यसको विशेषता चाहिँ के रहेछ भने त्यहाँ नपाइने कुरा केही रहेनछ । किनमेल सकेर हामीले रेलवे स्टेसन अगाडिको होटल अमितमा बासको बन्दोबस्त गऱ्यौं । खान चाहिँ माडबारी भोजनालयमा गयौं । माडबारीकहाँको पिरोले मेरो सातो लियो । होटेलको क्षेत्र साह्रै व्यस्त ठाउँ रहेछ । रातैभरि हल्लाखल्ला भइरह्यो । राम्ररी सुत्नै पाइएन । भोलिपल्ट बिहान ५ बजे उठेर नित्मकर्मादि सक्यौं र ६ बजे रेलवे स्टेशनभित्र पस्यौं । राप्ती सागर एक्सप्रेस यात्रीहरुको स्वागतार्थ लमतन्न र स्थिर भएर उभिइरहेको थियो । भित्र पसेर टिकट अनुसारका आ-आफ्ना बर्थहरु पहिल्याउन थाल्यौं । झोलाहरु सिटमुनि मिलाएर राख्यौं । त्यसबेला एक जना अलि दुब्लो, च्याँसे, कोइलाखानीमा काम गर्ने जस्तो ध्वाँसे न ध्वाँसे मान्छेले हाम्रा झोलाहरु थुतेर आफ्ना झोलाहरु सिटमुनि राख्न लागेको देखेर विनोद दीक्षितले भन्नुभयो-'यो के गरेको तपाईंले ?' उल्टै उही तातियो र भन्यो-'देखने मे तो बुजुर्ग लगते हो । लेकिन कैसे आदमी हो ?' मान्छे अलि तुच्छ जस्तो लाग्यो । हामी केही बोलेनौं । ऊसँग एक जना महिला र एउटा बालक पनि थिए । पछि थाहा भयो उसको श्रीमती र छोरो रहेछन् । ती आमाछोरा नेपाली भाषामा बोलेको सुन्दा हामी छक्क पऱ्यौं । ऊ एक गार्मेन्ट कम्पनीमा काम गर्ने कालीगढ रहेछ । उसले काठमाडौं, कीर्तिपुरकी केटी बिहे गरेको रहेछ । त्यो बालक यात्राभरि हामीसित झुम्मियो । केही खानेकुरा दियो भने खान्थ्यो । मामा भनेर सम्बोधन गर्थ्यो तर उसको बाबुले मुन्टो ठाडो गर्न सकेन । शिर निहुऱ्याएरै बस्यो । ऊ केरलाको त्रिसुरमा उत्र्यो ।

गोरखपुरबाट हिँडेपछि राप्ती सागर एक्सप्रेस आफ्नो कर्त्तव्य पालनमा अग्रसर हुन्छ । हुइँकिरहन्छ लगातार तर घरिघरि भने स्टेसन स्टेसनमा रोकेर टक्क अडिइन्छ र अरुलाई बाटो छोडिदिन्छ । विश्राम स्थल आउन लाग्यो कि आफ्नो आगमनको शङ्खघोष गर्दछ । आदेशानुसार नै ऊ हुइँकिन्छ वा अड्छ । यसरी उसलाई गोन्डा, लखनऊ, कानपुर, झाँसी, भोपाल, नागपुर, बर्धा, बरङ्गाल, विजयबाडा, चेन्नई, काठपाडी, शेलम, ईरोड, कोयमवटुर एर्णाकुलम् हुँदै त्रिवेन्द्रमसम्म पुग्नुछ । त्यसैले उसले लयबद्ध रुपमा,गीतिमय गतिमा त्रिवेन्द्रम् भन्दै दौडिरहेको जस्तो लाग्दछ मलाई ।

मलाई रेलयात्रा रमाइलो लाग्दछ । मैले जीवनमा भारतको उत्तरपूर्वी रेलवेमा कैयौं पटक यात्रा गरेको छु र लखनऊदेखि हावडासम्मको रेलयात्रा पनि गरेको छु तर यति लामो रेलयात्रा गरेको भने यो पहिलो पटक हो । त्यस कारण पनि मलाई यो रेलयात्रा अलि भिन्न र रोचक लागिरहेको हुन्छ ।

यथार्थमा बर्थ रिजर्भ गरेर रेलयात्रा गर्नु भनेको डेरा लिएर बस्नु जस्तै लाग्दछ मलाई । डेरामा हुने सुविधाहरु सबै त्यहाँ हुन्छन् । बिजुली बत्ती, धारापानी, शौचालय आदि सबैथोक हुन्छन् त्यहाँ । त्यहाँ होटेल रेस्टुरेन्ट पनि हुन्छन् । यथासमयमा आफूलाई मन लागेको वस्तु, चिया, कफी, खाजा वा भोजन जे पनि पाइन्छ, मात्र पैसा चाहिन्छ । मूल्य भने अलि महँगो हुँदो रहेछ र ठग्ने प्रवृत्ति पनि पाइँदो रहेछ । आफू बसेको अपार्टमेन्ट बैठक कोठा जस्तै लाग्दछ । आगन्तुकहरु आइरहन्छन्, गइरहन्छन् । उनीहरु सित हामी भेट गर्छौं, परिचय गर्दछौं, गफ ठट्टा गर्दछौं । उनीहरुसित त्यस्ता गफ ठट्टाहरु पनि जीवनकै लागि अविष्मरणीय हुँदा रहेछन् ।

कानपुरमा एक जना पुलिस सब-इन्स्पेक्टर हाम्रो अपार्टमेन्टमा चढ्दछ र हामीसँगै बस्दछ । विनोद दीक्षितका गफ, चुट्किला र गाउँखाने कथाहरु सुनेर मोहित हुन्छ । उसले हामीलाई उत्तरप्रदेशकै कुनै पार्टीका नेताहरु भन्ठानेछ क्यारे ! पछि त उसले प्रहरी प्रशासनभित्रका कमीकमजोरीहरु पो बताउन थाल्यो । त्यतातिर नेताहरुको ध्यान जाओस् भन्ने उद्देश्यले हुन सक्छ ।

हाम्रो तीन दिन तीन रातसम्म एउटै डिब्बामा बसेर समय बिताउँछौं । रातमा सुत्छौं, दिनमा पत्रपत्रिका पढ्छौं । तास खेल्छौं, गफ गर्छौं, बस्छौं । हामी एक ठाउँमा बसेर ठाउँठाउँको दृश्य हेर्दछौं । त्यहाँको वस्तुस्थिति बुझ्दछौं र आनन्द लिन्छौं । हामी हेमन्त ऋतुको ठिहिरोमा रेल चढ्छौं । बिस्तारै वसन्त ऋतु न्यानोमा पुग्दछौं । थरीथरीका वसन्ती फूलहरु फुलेको देख्दछौं । आँपमा फूल लाग्दै गरेको देख्छौं । अझै पर गएपछि वर्षा ऋतुमा प्रवेश गरे जस्तो लाग्दछ । खेतमा कतै रोपाइँ भइरहेको देखिन्छ, कतै धानका बाला झुलिरहेको देखिन्छ । समय एउटै तर भौगोलिक भिन्नतामा वृक्ष, वनस्पतिहरुको भिन्नता देखिँदैन जान्छ । आँपका बगैंचा हेर्दाहेर्दै नरिवल, ताडी, खजुर र सुपारीका बगैंचाहरुबीच पुग्दछौं । हामी एकै ठाउँमा बसेर, एकै समयमा भौगोलिक भिन्नतामा प्राकृतिक भिन्नता अवलोकन गर्दै जाँदा म हर्षित र रोमाञ्चित भइरहेको हुन्छु । मलाई प्रकृति रहस्यमय लाग्दछ, जादुयी लाग्दछ । दृश्य दर्शनमा आनन्दविभोर भएर म यात्राको आनन्द लिइरहेको हुन्छु । राप्ती सागर एक्सप्रेस भने एकनाससित गीतिमय एवं लयबद्ध रुपमा 'त्रिवेन्द्रम् त्रिवेन्द्रमं' भन्दै गन्तव्य स्थलको नाम जप्दै हुइँकिरहेको हुन्छ( निरन्तर !

*(नियात्राकार लम्सालको नियात्रासंग्रह 'भित्र-बाहिरका पाइला'बाट ।)*

## लेखक भट्टराई पोखरेली पाठकमाझ आउने

**पोखरा ३० मंसिर ।**

के तपाईलाई मन पर्ने कथाका लेखकसँग प्रत्यक्ष भेटेर कुरा गर्ने मन छ ? छ भने अब सांगीतिक साँझसहित पोखरामा अवसर जुरेको छ । 'समर लभ र साया' जस्ता पुस्तकबाट युवा पुस्तामा लोकप्रिय बनेका लेखक सुविन भट्टराईको पछिल्लो उपन्यास 'मनसुन' लाई पनि पाठकले निकै रुचाएका छन् ।

विशेषत उनको लेखनमा प्रमिल भावमा युवावर्गलाई मज्जैले तान्यो । सोही पुस्तकका लेखक सुविन भट्टराई पोखरेली पाठकसँग साक्षात्कार कार्यक्रममा सहभागी हुने भएका छन् ।

उनलाई युवामाझ प्रत्यक्ष साक्षात्कार कार्यक्रमको व्यवस्था फ्रिक रिडर्स क्लबले मिलाएको छ । 'मनसुन साँगीतिक साँझ' कार्यक्रमको आयोजना गरी युवा




पाठकमा लेखकलाई प्रत्यक्ष उभ्याउने तयारी गरेको क्लबका अध्यक्ष अर्जुन गिरीले बताए ।

पोखराको होटल स्नोल्यान्डमा आयोजना गरिने सांगीतिक साँझ पुस ८ गते साँझ ४ बजेदेखि ९ बजेसम्म हुने उनले बताए । 'यसअघि साया पुस्तकको बारेमा पनि कार्यक्रम गरेका थियौं,' उनले भने, 'मनसुनको लोकप्रियता सँगै युवावर्गलाई सांगीतिक माहोलसँगै किताब पढ्ने बानीको विकास गराउने प्रयत्न गरेका छौं ।'

कहिल्यै किताब नपढेका र पठनमा बानी नभएका युवामा पनि भट्टराईका कृति पढ्ने फेसनै चलेको हुँदा यो कार्यक्रमको आयोजना गरिएको गिरीले जनाए ।

भट्टराईका कृति नेपाली साहित्यमा पछिल्लो समय सबैभन्दा धेरै संख्याका पाठकले रुचाएका र सबैभन्दा बढी संख्यामा बिक्री भएका छन् । पोखरा र सेरोफेरोका झन्डै ५ सय युवाको सहभागिता हुने अपेक्षा गरिएको छ ।

कार्यक्रममा 'बसन एन्ड क्रु' ब्यान्डको मोलेडियस प्रस्तुति रहनेछ । कार्यक्रम सम्पन्न गर्नको लागि झन्डै २ लाख खर्च लाग्ने गिरीले जनाए ।


## सार्वजनिक सूचना

**यस ले.न.पा वडा नं. ४, बस्ने होमबहादुर गुरुङको छोरा खेमबहादुर गुरुङको नाउमा रहेको साविक कन्धनीडाडा ४ को कित्ता नं. १७५० क्षेत्रफल ०-५-०-३ को जग्गामा घर नक्सा पास गर्न लाग्नुभएकाले तपाईँ साँध सधियारा कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

सम्पर्क : **लेखनाथ नगरपालिकाको कार्यालय**
**लेखनाथ-७, तालचोक, कास्की, फोन : ०६१-५६०३८०**

## सार्वजनिक सूचना

**यस ले.न.पा वडा नं. ८, बस्ने शोभामोहन सुवेदीकी श्रीमती सुष्मा सुवेदीको नाममा रहेको साविक शिशुवा ३ को कित्ता नं. १६१५३ को जग्गामा घर निर्माण गर्न लाग्नु भएकाले तपाईँ साँध सधियारा कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

सम्पर्क : **लेखनाथ नगरपालिकाको कार्यालय**
**लेखनाथ-७, तालचोक, कास्की**
**फोन : ०६१-५६०३८०**

# अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव पोखरामा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० मंसिर ।

पोखरामा दोश्रो अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव हुने भएको छ । पुस ६ देखि ८ गतेसम्म अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव आयोजना हुन लागेको बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । पोखरा फिल्म सोसाइटीको आयोजनामा पोखरा सभागृह हलमा महोत्सव गर्न लागेको संयोजक सरोज सापकोटाले जानकारी दिए। महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी ५० भन्दा बढी चलचित्रहरूको प्रदर्शनी गरिने छ । महोत्सवकै क्रममा मुख्य कार्यक्रम बाहेक हरेक साँझ पोखरा आसपासका केही प्रमुख स्थानहरूमा खुल्ला रूपमा चलचित्रहरू प्रदर्शनी समेत गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो । महोत्सवमा नेपाली चलचित्र विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम समेत हुने छ ।

'पोखरा अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव' कार्यक्रम अन्तर्गतनै नेपालका हिमाली जिल्ला र भेगहरू जोमसोम, घान्द्रुक, घले गाउँ र मनाङमा महोत्सवबाट छनौंटमा परेका केही चलचित्रहरूको प्रदर्शनी समेत गरिने भएको छ । चलचित्र महोत्सवमा सहभागिता हुन् अहिलेसम्म १ सय भन्दा बढी देशका ६ सय भन्दा बढी चलचित्रहरूले सहभागिताका लागि आवेदन दिन इच्छा व्यक्त गरेको पत्रकार सम्मेलनमा संयोजक सापकोटाले जानकारी दिए ।



'महोत्सवमा हामीले विशेष र हाम्रा विधाहरूसँग मिल्ने ५० भन्दा बढी चलचित्रहरू प्रदर्शनी गर्नेछौं । जसमा वृतचित्र, लघु चलचित्र, कथानक चलचित्र, प्रयोगात्मक चलचित्र, एनिमेशन जस्ता चलचित्रहरू समेटिने छन'-उनको भनाई थियो । पर्वत वा हिमाली क्षेत्र आसपासका संस्कृति, जनजीवन, परम्परा, जैविक विविधता र पर्यावरणको सम्वर्द्धन र प्रवर्धनमा चलचित्रमार्फत जनचेतना अभिवृद्धि गर्न सोही विषयवस्तुमा बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रहरूको प्रदर्शनी गरिनु महोत्सवको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ ।

पर्वतीय क्षेत्र आसपासका मानिसहरूको अधिकार सुनिश्चितता गर्नुमा वकालत गर्नुका साथै यस क्षेत्रमा पर्यटनको प्रवर्द्धनका लागि महोत्सव सहयोगी हुने विश्वास आयोजकले गरेको छ । महोत्सवमा प्रदर्शनी गरिने चलचित्रले मनोरञ्जन प्रदान गर्नुकासाथै समाज रूपान्तरणमा आवश्यक संवादको थालनी गर्न अभिप्रेरित गर्ने विश्वास गरिएको बताइएको छ । सन् २०१४ को डिसेम्बर महिनामा अन्तर्राष्ट्रिय पर्वत संग्रहालय र फिल्म सोसाइटी फेडेरेसन नेपालसँगको सहकार्यमा शुरु भएको यो चलचित्र महोत्सवलाई हरेक बर्ष डिसेम्बर महिनामा महोत्सव गरी निरन्तरता दिने योजना सहित यो बर्ष पनि चलचित्र महोत्सवको आयोजना गर्न लागिएको फिल्म सोसाइटी पोखराका अध्यक्ष घनश्याम लामिछानेले बताए ।

# हंसपुरको रामकोट माविमा आँखा शिविर

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० मंसिर ।



मानवीय सेवामा समर्पित नेपाल रेडक्रस सोसाइटी उपशाखा १०, ११ को युवा सर्कल र लायन्स क्लव अफ पोखरा भैरबको संयुक्त आयोजनामा हंसपुर गाविसमा रहेको रामकोट मा.वि.मा आँखा जाँच शिविर सम्पन्न भएको छ । ९१ वर्षीय जुठी गुरुङ्ग र धर्मनाथ सुवेदीलाई प्रिक्रिप्सन कार्ड हस्तान्तरण कार्यक्रमको शुभारम्भ गरिएको आँखा शिविरमा ४ सय जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो । शिविरमा प्रमुख अतिथि रामबजार सोसाइटी युकेका सल्लाहकार भीमसेनकुमार श्रेष्ठले कार्यक्रमको हेनरी ड्यूनाको तस्वीरमा माल्यार्पण गरी कार्यक्रमको उद्‌घाटन गरेका थिए ।

उक्त अवसरमा बोल्दै उनले विकट क्षेत्रमा आइ मानव जीवनमा अति आवश्यक अंग आँखाको निःशुल्क परीक्षण गराई मोतिया विन्दुको अप्रेशन गराउने कार्य महत्वपूर्ण भएको बताए । उनले केही दिनको छुट्टिमा नेपाल घुम्ने क्रममा रेडक्रसले गरेका धेरै गतिविधि अवलोकन गर्न पाएकोमा खुसी व्यक्त गर्दै सक्दो मानवीय सेवामा सहयोग गर्ने बताए ।

रामकोट माविका विद्यार्थीहरुले स्वयंसेवकको सेवा प्रदान गरेको शिविरमा उपशाखा १०, ११ का सदस्य हिरादेवी श्रेष्ठ, सुमन लामा र उपशाखा २/३ का महिला सदस्य कमला थापाले स्वयम्सेवा कार्यमा सहयोग पुऱ्याएका थिए ।

कार्यक्रममा रामकोट मावि, रातामाटा प्रावि, हंसपुर प्राविका विद्यार्थीलाई आँखा परीक्षण गराई २० जनालाई हिमालय आँखा अस्पताल पोखराबाट निःशुल्क चस्मा उपलब्ध गराउने प्राविधिक रुपसिंह बोहराले बताए ।

कार्यक्रममा हिमालय आँखा अस्पतालका प्राविधिक रुपसिंह बोहरा, धर्मराज यादवले आँखा चेकअप गरेको थिए । शिविरमा सहयोगीदाता अमेरिका निवासी मिला श्रेष्ठ, उपशाखा १०,११ का सभापति सम्मर बहादुर श्रेष्ठ, उपशाखा २,३ का सभापति खगेन्द्र पराजुली, हंसपुर उपशाखाका सभापति गंगाबहादुर गुरुङ्ग, रामकोट माविका प्राचार्य भरतमणि भट्टराई, रामकोट मावि व्यवस्थापन समितिका अध्यक्ष निर्मला सुवेदी लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

शिविरबाट ४ सय जनाको आँखा परीक्षण गरिएकोमा ६ जनाको मोतियाविन्दुको अप्रेशन गर्न हिमालय आँखा अस्पताल ल्याइएको उपशाखा १०, ११ महिला समिति सदस्य यामकुमारी ढकालले बताइन। निःशुल्क औषधि वितरण गरिएको आँखा शिविरमा करिब १ लाख बराबरको औषधि, चश्मा वितरण गरिएको महिला समिति सदस्य धनमाया गुरुङ्गले बताइन ।

नेरेसो उपशाखा १०, ११ युवा सर्कलका संयोजक किरण प्रसाद भट्टचनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेवाःकाचाःखलः हंसपुरका अध्यक्ष भैरवलाल श्रेष्ठले रेडक्रसका सात सिद्धान्तवाचन, लायन्स क्लव अफ भैरबका सदस्य ला.विनोदराज सुवेदीले स्वागत गरेको कार्यक्रमको संचालन उपशाखा १०, ११ का कोषाध्यक्ष सिता तिमिल्सिनाले गरेका थिए ।

# भुजेल समाज सेवा समितिमा लोकबहादुर

पोखरा ३० मंसिर ।

भुजेल समाज सेवा समिति, केन्द्रीय समितिको छैटौं राष्ट्रिय महाधिवेशन पोखरामा सम्पन्न भएको छ । महाधिवेशनले आगामी ४ वर्षको लागि लोक बहादुर भुजेल (काठमाडौं) को अध्यक्षतामा ३४ सदस्यीय नयाँ कार्यसमिति चयन गरेका छ । समाजको विशिष्ट उपाध्यक्षमा खेमराज भुजेल (धादिङ्ग), महासचिवमा पानबहादुर घर्ती (कास्की), उपाध्यक्षमा बुद्ध घर्ती (काठमाडौं), विष्णु कुमारी भुजेल (कास्की), लिला भुजेल (काठमाडौं), श्रीप्रसाद जिटी (स्याङ्गजा), कुलबहादुर भुजेल (महोत्तरी), लालबहादुर भुजेल (जुम्ला) लाई चयन गरेको छ ।

यसैगरी सचिवमा हिलारीबन्धु भुजेल (ओखलढुङ्गा), तिर्सन घर्ती (नवलपरासी), प्रकाश भुजेल (कास्की), रामगोपाल भुजेल (काभ्रे), गिता भुजेल (दोलखा), इन्द्र बहादुर भुजेल (सिन्धुली), बिमल बहादुर भुजेल (तनहुँ) लाई चयन गरेको छ । त्यसैगरी कोषाध्यक्षमा भीम भुजेल (मकवानपुर), सह-कोषाध्यक्षमा पूर्णमाया भुजेल (नवलपरासी) र सदस्यहरुमा ज्ञानेन्द्र कुमार थापा भुजेल (रुपन्देही), महेन्द्रबहादुर भुजेल (काठमाडौं), गंगाबहादुर भुजेल (बागलुङ्ग), दुर्गा बहादुर भुजेल (रामछाप), रामकृष्ण भुजेल (सिन्धुपाल्चोक), राजकुमार भुजेल (लमजुङ्ग), चुडामणि भुजेल (इलाम), जितबहादुर भुजेल (तेह्रथुम), सानोमैया भुजेल (ओखलढुङ्गा), रामबहादुर भुजेल (नुवाकोट), केशर बहादुर भुजेल खवास (झापा), गोमादेवी भुजेल (दोलखा), तीर्थ भुजेल (भोजपुर), कमलबहादुर भुजेल (कास्की), सुमन भुजेल (काभ्रे) र जानुका भुजेललाई चयन गरेको भुजेल समाज कास्कीका अध्यक्ष मन बहादुर भुजेलले जानकारी दिए ।

भुजेल समाजका केन्द्रीय अध्यक्ष सूर्यबहादुर भुजेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सर्वसम्मत रुपमा नयाँ कार्यसमिति चयन गरिएको थियो ।

# पोखरा-जोमसोम टाटा सुमोमा

पोखरा ३० मंसिर ।

विधायुक्त सार्वजनिक यातायात सञ्चालन गर्ने उद्देश्यसहित पोखरा-जोमसोम-पोखरामा रूटमा टाटा सुमो सेवाको सुरुवात भएको छ । सुप्रसिद्ध भारतीय अटोमोबाइल कम्पनी टाटा मोटर्सद्वारा निर्मित अत्याधुनिक एवं सुविधासम्पन्न टाटा सुमो मुक्तिनाथ दर्शन यातायात प्रालिले संचालन गर्नेछ ।

मुक्तिनाथ दर्शन यातायात प्रालिका अध्यक्ष महेन्द्र थकालीले एक समारोहकाबीच सेवा शुभारम्भ गरे । समारोहका प्रमुख अतिथि पूर्व संविधानसभा सदस्य चन्द्र बहादुर गुरुङले यस सेवाले पोखरा-जोमसोम क्षेत्रमा आन्तरीक तथा बाह्य पर्यटन प्रवर्द्धनमा थप सहयोग हुने विश्वासका साथ शुभकामना व्यक्त गरे । सोही अवसरमा सिप्रदी ट्रेडिङ्ग प्रालिका जनरल म्यानेजर तथा उक्त समारोहका विशेष अतिथि प्रविन खतिवडाले जोमसोममा समयमै मर्मत सेवा तथा स्पेयर पार्टसहरु उपलव्ध गराउने प्रतिबद्धता व्यक्त गरे । ३५ वटा टाटा सुमो सञ्चालन गरिएको उक्त रुटमायात्रुहरुले पहिलेको भन्दा आधा शुल्कमा यात्रा गर्न सक्नेछन् । साथै यस रुटमा यात्रुहरुले आफ्नो यात्राको बीचमा सुन्दर गाउँ र कोसेलीहरुका लागि पसलहरुको आनन्द पनि उठाउन सक्नेछन् । टाटा सुमो एक मजबुत मल्टि युटिलिटी सवारी साधन भएकाले कच्ची बाटोमा अधिकतम लोकप्रिय छ ।

# लेखनाथ पत्रकार मञ्च प्रशासनमा दर्ता

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० मंसिर ।

संमृद्ध लेखनाथका लागि पत्रकारिता भन्ने मूल नाराका साथ स्थापना भएको लेखनाथ पत्रकार मञ्च बिहीवारदेखि विधिवत रुपमा दर्ता भएको छ। कास्की क्षेत्र नं १ अन्तर्गत लेखनाथ नगर पालिकालाई कार्यक्षत्र बनाएर वा जन्मस्थल भएका पत्रकारहरुको साझा सस्थाका रुपमा विस २०६७ सालमा स्थापाना भएको मञ्चले बिहीवार जिल्ला प्रशासन कार्यालय कास्कीबाट सस्था दर्ताको प्रमाण पत्र पाएको हो। जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत मोहन बहादुर थापाले संस्था दर्ता नं ३६०२ को प्रमाण पत्र लेखनाथ पत्रकार मञ्चका अध्यक्ष भीमपाणि वराललाई हस्तान्त्रण गरेका हुन् ।

समग्र पोखरा उपत्यकाको आर्थिक तथा सामाजिक विकासका लागि पत्रकारिताको क्षेत्रबाट अगाडि बढाउने उद्देश्यले स्थापना भएको लेखनाथ पत्रकार मञ्चले मंसिर ३० गतेलाई आफनो स्थापना दिवसका रुपमा मनाउने भएको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीबाट संस्था दर्ताको प्रमाण पत्र पाएको लेखनाथ पत्रकार मञ्चले पहिलो स्थापना दिवसको अवसर पारेर बिहीवार लेखनाथको अर्घौचोकमा रहेको कवि शिरोमणि लेखनाथ पौडेलको प्रतिमा सरसफाई र माल्यार्पण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा प्रजातन्त्रका सेनानी हिरामणि सुवेदीले सस्था दर्ताको प्रमाण पत्र लोकार्पण गर्दै लेखनाथ पत्रकार मञ्चका कार्यसमिति सदस्यहरुलाई सामुहिक रुपमा हस्तान्तरण गरेका थिए।

कार्यक्रममा कास्की आदर्श सेवा समाज अन्तर्राष्ट्रिय समोन्वय परिषद कास्कीका संयोजक तिलकशाली सापकोटा,लेखनाथ अर्घौं वजार व्यवस्थापन समितिका अध्यक्ष शिवप्रसाद भण्डारी, मञ्चका उपाध्यक्ष कविराज खनाल, सचिव विष्णुहरि पौडेल, कोषाध्यक्ष सन्दिप पौडेल र सदस्य राजन परियार लगायतको उपस्थिति रहेको थियो।

# प्राइम सहकारीद्वारा पुस्तक प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० मंसिर ।

पोखर-४ गैह्रापाटनमा रहेको प्राइम बहुउद्देश्यीय सहकारी संस्थाले जिल्ला कारागार कास्कीका कैदीहरुका लागि पुस्तकहरु हस्तान्तरण गरेको छ । कारागारमा रहेका कैदीहरुलाई अध्ययनका लागि पुस्तक अभाव भएको जानकारी पाएपछि विभिन्न प्रकारका २ सय वटा भन्दा बढी पुस्तक हस्तान्तरण गरिएको सहकारीका प्रवन्ध निर्देशक सुरेन्द्रमणि पौडेलले जानकारी दिए । 'सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कारागारमा गएर पुस्तक सहयोग गरिएको हो,' उनले भने,- 'अरुको ध्यान नगएको ठाउँमा पुगेर हामीले सामाजिक काम गर्न सफल भएका छौं ।' कारागारमा रहेका कैदीहरुले रुची अनुसारको पुस्तक पढ्न सकुन भनेर सहकारीले पुस्तक सहयोग गरेको सहकारीका सल्लाहकार तथा संस्थापक निदेशप्रसाद कोइरालाले बताए । कारागारमा अहिले ७ सय भन्दा बढी कैदीबन्दी छन् ।

# टप्स उमाविको २४औं वार्षिकोत्सव

पोखरा ३० मंसिर ।

पोखराको रामघाटस्थित टप्स उच्च माविले आफ्नो २४ औं स्थापना दिवसको बिहीबारदेखि सुरुवात गरेको छ । ४ दिनसम्म सञ्चालन हुने कार्यक्रमको पहिलो दिन बेलुन फुटाउने, हिसाब दौड, चम्चा दौड, भलिबल प्रतियोगिता, अन्तर सदनात्मक बास्केटबल प्रतियोगिता लगायत सम्पन्न भएको छ । यस्तै, अभिभावकसँग अन्तरक्रिया, खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गरिने विद्यालयका संस्थापक/ प्राचार्य रत्नमान गुरुङले जानकारी दिए। कार्यक्रमको समापनका अवसरमा पुस ४ गते विधि सांस्कृतिक कार्यक्रमसहित पुरस्कार वितरण गरिने उनले बताए ।

विद्यालयले यसअघि स्थापना दिवसका अवसरमा भूपू विद्यार्थीहरुको भेला गरेको थियो । २०५० मङ्सिर २४ देखि पोखराको रामघाटबाट टप्सले शैक्षिक क्षेत्रमा कार्य गर्दै आएको छ ।

# नेष्डो नेपालद्वारा ऋणिको कर्जा मिनाहा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३० मंसिर ।

महिला तथा विपन्न वर्गलाई घरदैलोमा विनाधितो कर्जा दिदैं कर्जा लिएका सदस्यहरुको मृत्यू हुँदा कर्जा मिनाहा गर्ने नीतिले हजारौं विपन्न तथा सामाजिक रुपमा वन्चितिमा परेका परिवारहरु लाभान्वित भएका छन् ।

विगत २० वर्ष देखि महिला तथा विपन्न वर्गको चेतना, संगठन तथा आयआर्जनको क्षेत्रमा क्रियाशिल लघु वित्तीय संस्था नेष्डो नेपालको लेखनाथ शाखा अन्तर्गत केन्द्र नं.७९ मा आवद्ध सदस्यको रेनुकला कामीको ५६ वर्षको उमेरमा निधन भए पश्चात नीजले संस्थालाई तिर्नुपर्ने वाँकी ५९ हजार १९४ रुपैयाँ कर्जा एक कार्यक्रमका विच मिनाहा गरिएको हो ।

शाखाद्वारा कास्की जिल्लाको लेखनाथ नगरपालिका वडा नं. २, लामतारामा सोमबार आयोजित श्रद्धान्जलीसभा एवम् कर्जा मिनाहा कार्यक्रममा संस्थाका लेखनाथ शाखाका प्रवन्धक सुवास भण्डारीले कर्जा मिनाहा गरी मृतकको नाममा संकलित बचत ३३ हजार ९९ रुपैयाँ र त्रियाखर्च वापत ३ हजार ४ सय रुपैंया नीजका हकवाला श्रीमान् भिम बहादुर सुनारलाई हस्तान्तरण गरे ।

कार्यक्रममा शाखा प्रवन्धक भण्डारीले नेष्डो नेपालमा आवद्ध विपन्न सदस्यको स्वर्गहरणमा हुने यस किसिमका श्रद्धान्जलीसभा तथा कर्जा मिनाहा कार्यक्रमले आर्थिक रुपमा मात्र नभई महिलाहरुको आत्मासम्मान र गौरवमा समेत वृद्धि हुने वताए ।

विगत ७ वर्षदेखि संस्थाको लघु वित्त सेवामा आवद्ध भई विना धितो कर्जा सेवा लिई विभिन्न व्यवसाय सञ्चालन गर्दै आएकी कामीले यस वर्ष आवस कर्जा वापत ७० हजार रुपैयाँ कर्जा लिएकोमा अन्य किस्ता भुक्तानी गरी संस्थामा तिर्न वाँकी रु.५९ हजार १९४ रुपैयाँ कर्जा मिनाहा गरिएको हो ।

श्रद्धान्जलीसभा तथा कर्जा मिनाहा कार्यक्रम केन्द्र प्रमुख रम्बादेवी थापाको अध्यक्षता, केन्द्र प्रवन्धक रञ्जु अधिकारीको संस्थागत प्रतिज्ञा, केन्द्र प्रवन्धक कोपिला थापाको स्वागत एवम् केन्द्र प्रवन्धक धनकुमारी कवँरको सञ्चालनमा सम्पन्न भएको थियो ।

## सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. ५, बस्ने कुलबहादुर थापाकी श्रीमती रिमा थापाको नाममा रहेको साविक कन्धनीडाडा ६ को कित्ता नं. १८२१ समेत क्षेत्रफल ०-५-०-० को जग्गामा घर नक्सा पास गर्न लाग्नु भएकाले तपाइँ साँध सधियारा कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

सम्पर्क : लेखनाथ नगरपालिकाको कार्यालय
लेखनाथ-७, तालचोक, कास्की, फोन : ०६१-५६०३८०

## खुशीको खबर !



के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

## अनेक समस्या सफल उपचार

**ग्याष्ट्रिक**: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

**यौन समस्या**:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

**महिला सम्वन्धि समस्या**

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**

**सुन्दरता**:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।**

**थप उपचार**:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।

- ❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
- ❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोनः०६१-५५०२५२, मो. ९८४६०४१४९२

## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

## सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरू :

- ❖१००% उत्तीर्ण गराउन सफल।
- ❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
- ❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

## पोखरामा पहिलो पटक

- यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनमिल।

साथै डि.भी. तथा पत्रपत्रिकामा विज्ञापनमा देखाउने सम्पूर्ण सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# पत्रकार बराललाई बाबा आनन्द पुरस्कार



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

बाबा फाउण्डेशन नेपालद्वारा सञ्चालित बाबा आनन्द सञ्चार पुरस्कार-२०७३ बाट पत्रकार कृष्णमणि बराल सम्मानित भएका छन् । बाबा फाउण्डेशनको नवौं साधारणसभाका अवसरमा बाल अधिकार संरक्षण र प्रवर्द्धन तथा वातावरण संरक्षणको बिषयमा बर्ष भरी उष्कृष्ट लेख तथा समाचार प्रसारण एवं प्रकाशन गर्ने सञ्चार माध्यम वा सञ्चारकर्मीलाई पुरस्कार प्रदान गर्ने व्यवस्था अनुरुप बराललाई यसवर्षको पुरस्कार प्रदान गरिएको हो ।

बराललाई पश्चिमाञ्चलका क्षेत्रीय प्रशासक खगराज बरालले सम्मानपत्र, फाउण्डेशनका अध्यक्ष दीलिपराज श्रेष्ठले नगद १५ हजार १११ रुपैयाँ प्रदान गरेका थिए भने नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झाले दोसल्ला ओढाएका थिए । यस्तै प्रतिभा छनौट समितिका संयोजक तथा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपसभापति गंगाधर पराजुलीले माला र नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले अबिर लगाएर बराललाई सम्मान गरेका थिए ।

पोखरा-७ नुवारथोक निवासी बरालले देशान्तर साप्ताहिकबाट पत्रकारिता सुरु गरेर हिमालय टाईम्स, समाधान हुँदै विगत १३ बर्षदेखि अन्नपूर्ण पोष्ट दैनिकमा कार्यरत रहेका छन् ।

उनले विशेष गरी वातावरण सम्बन्धी वाईल्ड लाईफ, सिमसार संरक्षण, तालतलैया सम्बन्धी र गिद्ध संरक्षण सम्बन्धी समाचार तथा फोटो पत्रकारिताका साथै सन २००७ देखि फोटो प्रदर्शनी गर्दै आएका उनले फोटो पत्रकारिता पुरस्कार २०६७, डब्लुडब्लु एफ मिडिया कन्जरभेसन अवार्ड-२०१२ लगायतका पुरस्कार प्राप्त गरिसकेका छन् । कार्यक्रममा बोल्दै क्षेत्रीय प्रशासक बरालले पोखरा क्षेत्रको वातावरण संरक्षणका लागि संचारकर्मी र नागरिकका साथै राज्यका निकायहरु सचेत बन्नुपर्नेमा जोड दिए । पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झाले पत्रकारितामा विशिष्टिकरणको खाँचो औंल्याए ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले बाबा फाउण्डेशनले प्रजातन्त्रको पक्षमा सक्रिय रहेका आनन्दराज श्रेष्ठको नामबाट पुरस्कार स्थापना गरेकोमा खुशी प्रकट गर्दै पुरस्कारले पत्रकारिता क्षेत्र अझ सशक्त हुने बताए ।

पुरस्कार छनोट समितिका संयोजक एवं नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उप-सभापति गंगाधर पराजुलीले वातावरणको क्षेत्रमा काम गरेका पत्रकारहरु मध्येबाट बराललाई पुरस्कारका लागि छनौट गरिएको भन्दै विभिन्न खाले समस्याबाट पीडित पत्रकारहरुलाई बाबा फाउण्डेशन जस्ता संस्थाले स्थापना गरेको पुरस्कार र सम्मानले थप उत्प्रेरणा जगाउने बताए ।

फाउण्डेशनका अध्यक्ष दीलिपराज श्रेष्ठले संस्थाले बालबालिका र वातावरणका साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि काम गरिरहेको भन्दै विभिन्न शिपमूलक तालिम समेत संस्थाले प्रदान गर्दै आएको बताए।

कार्यक्रममा सम्मानित पत्रकार कृष्णमणि बराल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शुष्मा पौडेल, कास्की शाखा अध्यक्ष रामकृष्ण ज्ञवाली, पोखरा उप-महानगरपालिकाका वरिष्ठ अधिकृत ओमराज पौडेल, नागरिक समाजका अगुवा टेकनाथ बराल, फाउण्डेशन का प्रमुख कार्यकारी अधिकृत अमृता पौडेल, उपाध्यक्ष सरिता ताम्राकार, सचिव टंकराज अधिकारी लगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपसभापति पराजुली संयोजक, कान्तिपुर दैनिकका पोखरा संवाददाता लालप्रसाद शर्मा, संचालक परिवारका सदस्य शर्मिला श्रेष्ठ र बाबा फाउण्डेशन नेपालका सचिव टंकराज अधिकारी सदस्य रहेको प्रतिभा छनौट समितिले पत्रकार बराललाई सम्मान गर्ने निर्णय गरेको थियो ।

# महिला फुटवल टीम विराटनगर प्रस्थान



**पोखरा ३० मंसिर ।(गोल्डेन)**

पूर्वाअञ्चलमा आयोजना हुने सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत महिला फुटबलमा सहभागी हुने पश्चिमाञ्चलको टिम विराटनगर प्रस्थान गरेको छ । प्रतियोगिताको औपचारिक उद्घाटन पुस सात गते हुने भनिएपनि महिला फुटबल पुस २ गतेबाट संचालन हुने भएकाले पश्चिमाञ्चलको टिम त्यसतर्फ प्रस्थान गरेको हो ।

महिला फुटबल खेलाडीलाई विहिबार पोखराबाट विदाई गरिएको छ । खेलाडीहरुलाई पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल र उपाध्यक्ष सुनिल गुरुङले अबिर तथा जर्सी प्रदान गरेर विदाई गरे । विदाई कार्यक्रममा बौल्दै अध्यक्ष पौडेलले पश्चिमाञ्चलको टिम राम्रो र सशक्त रहेको बताउदै आत्म विश्वासका साथ खेल्न खेलाडीलाई आग्रह गरे । 'खेलाडीहरुले अब पश्चिमाञ्चललाई कसरी जिताउने भन्ने बाहेक अन्य चिन्ता लिनुपदैन, ब्यवस्थापनमा हामी कुनै कमी हुन दिनेछैनौं।'

अध्यक्ष पौडेलले प्रतियोगितामा स्वर्णपदक जित्ने खेलाडीहरुलाई खेलेर बाँच्ने आधार सृजना गर्न समिति तयार रहेको भन्दै अन्य क्षेत्र भन्दा सशक्त टिमका रुपमा पश्चिमाञ्चल रहने दावी गर्दै विजयी भएर पश्चिमाञ्चलको विगतको साखलाई जोगाएर फर्कन आग्रह गरे । पश्चिमाञ्चलको टिम नवलपरासीकी विमला विकको कप्तानीमा मैदान उत्रनेछ भने शुभेच्छा थापा, चेतमाया जि.सी, सोनु नेपाली, सिरस्मा थापा, बेलमाया थापा, इन्द्रा सेन, संगीता पुन, पुष्पा थापा(क), पुष्पा थापा (ख),रिया बानु, रेणुका हमाल, हिना राणा, स्मृति गुरुङ, शान्ता नेपाली, शोभा पंगेनी, अस्मिता राणापाल, सविना भरराई, उदय थापा र सुनिता वि.क ले पश्चिमाञ्चलको जर्सीमा प्रतियोगिता खेल्ने छन् ।

प्रशिक्षकमा उपेन्द्रमान सिंह र शम्भु केसी तथा ब्यवस्थापकमा पश्चिमाञ्चल क्षेत्रीय खेलुकद विकास समितिका कोषाध्यक्ष बसन्त जिआर रहेका छन् ।

# संविधान संशोधन विधेयक फिर्ता लिन आग्रह

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संसदमा दर्ता गरेको संविधान संशोधन विधेयक फिर्ता लिन सरकारलाई आग्रह गरेका छन् । प्रगतिशील पत्रकार सङ्घले आयोजना गरेको पत्रकार भेटघाटमा उनले विधेयक पारित नहुने जिकिर गरे । 'संविधान संशोधनको प्रस्ताव त्रुटिपूर्ण छ, यसलाई सच्चाउनु पर्छ', नेता केसीले भने'सरकारले यसलाई तुरुन्त फिर्ता लिओस्, नत्र मुलुक झन सङ्कटमा फस्छ ।'

विधेयकमा समावेश भएका बुँदाले राष्ट्रियता कमजोर पार्ने तर्क गर्दै उनले त्यसलाई जनताले अस्वीकार गर्नेमा जोड दिए । संशोधनमा उल्लेखित प्रदेश नं ५ को विभाजन, अङ्गीकृत नागरिकता, भाषालगायतका विषयले राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतालाई कमजोर पार्ने पनि नेता केसीले बताए ।

आफू र आफ्नो पार्टी सङ्घीयता खारेजीको मुद्दामा अडिक रहेको र अन्य दल पनि सङ्घीय प्रणालीमा निर्वाचन गर्न असम्भव देखेपछि पुरानै संरचनामा फर्कन सहमत भएको उनले बताए ।

'हामीले विगत आठ वर्षदेखि सङ्घीयता विरोधी आन्दोलन चलाइरहेका छौं, नेपाली जनताले सङ्घीयता चाहँदैनन् भन्ने कुरा प्रदेश नं ५ को आन्दोलनले प्रमाणित गरेको छ' नेता केसीले भने। आफूहरु सङ्घीयता नभई प्रजातान्त्रिक विकेन्द्रीकरणको पक्षमा रहेको पनि उनले बताए ।

# व्यापार मेलामा आठ करोडको कारोबार

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला अन्तर्गत उत्कर्षतिर पुगेको छ । मंसिर २३ गतेदेखि पुस ४ गतेसम्म चल्ने मेला उत्तरार्धतिर धकेलिँदा यो स्थिति आएको हो ।लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने मूल नाराका साथ जारी मेलाले स्थानीय उत्पादनको प्रवर्द्धन र बिक्री बितरण गर्दै व्यवसायीहरुलाई उद्यमशिलता सिकाउने उदेश्य राखेको छ । मेलामा अटो, सूचना प्रविधि, हस्तकला, कृषि, फ्लोरिकल्चर, दैनिक जीवनमा प्रयोग हुने सामाग्री सहितका स्टलहरु रहेका छन् । ती स्टलहरुबाट विशेष छुट सहित सामानहरु बिक्री वितरण भई रहेको छ भने मेला स्थलमा निःशुल्क वाईफाईको व्यवस्था समेत गरिएको छ ।

यसैगरी मेलामा रहेको स्टलबाट नेपाल टेलिकमले ५० रुपैयाँ ब्यालेन्स भएको नमस्तेको प्रिपेड सिमकार्ड निःशुल्क वितरण समेत गरिएका मेला आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले बताए ।

यता आम पोखरेलीलाई शारिरीक सुगठनबारे जानकारी दिन तथा स्वास्थ्यप्रति सचेतता बढाउन बिहीबार मेला स्थलमा शारिरीक सुगठन प्रतियोगिता आयोजना गरियो । प्रतियोतितामा ५५, ६०, ६५, ७० किलोग्राम तथा खुल्ला गरी पाँच विधामा प्रतिष्पर्धा भएको थियो ।

यसैगरी मेलामा विहीबार लोकदोहोरीतर्फ रामजी खांड, शंकर बिरही गुरुङ, जीवन दाहाल,सुरेन्द्र गुरुङ, रामजी पौडेल, भिमसेन खतिवडा, कृष्ण अखेली, शान्ति डोटेल, रमा राना, प्रिया गुरुङ, नेत्र खड्काको प्रस्तुति रहनेछ भने पपतर्फ आनन्द बज्राचार्य र रजनी राई विशेष आकर्षणको रुपमा रहे । यसैगरी हाँस्य कलाकार पल्पसा र सुरवीर तथा पिसिसिआई गायन तारामा पनि दर्शक झुम्मिएको संघका कोषाध्यक्ष तथा साँस्कृतिक उपसमिति संयोजक पवनकुमार प्रजापतिले जानकारी दिए।

मेला आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका महासचिव दामु अधिकारीका अनुसार बुधबारसम्म करिब ९२ हजार जनाले मेलाको अवलोकन गरेका छन् भने मेलास्थलबाट झण्डै ८ करोड २५ लाख रुपैयाँको कारोवार भएको छ। शुक्रबार लोकदोहोरीतर्फ राजु गुरुङ, प्रजापति पराजुली, शंकर विरही गुरुङ, सुरेन्द्र गुरुङ, प्रदीप त्रिपाठी, लक्ष्मी ढकाल, निषा पोखरेल, ज्ञानेश्वर सुवेदी, माधव चापागाईं, सरस्वती लामिछाने सहितका कलाकारहरुको प्रस्तुति रहनेछ भने पपतर्फ चर्चित लाहुरे ब्याण्ड,आरभि ऱ्यापटर्सको प्रस्तुति रहनेछ। यसैगरी पिसिसिआई सिंगिङ स्टार र वि बोइङ डान्स र विभिन्न स्कूलका विद्यार्थीको नृत्य प्रस्तुति पनि मेलाको आकर्षण रहने संघका कार्यसमिति सदस्य सीता बरालले जानकारी दिए।

हाँस्यकलाकार पुरुषोत्तम भण्डारी (पुर्खे बा) को प्रस्तुतिले पनि दर्शकलाई भरपुर मनोरञ्जन दिलाउने आयोजक पक्षको दावी रहेको छ ।

# स्थानीय निकाय व्याडमिन्टन हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

अन्तर स्थानीय निकाय कर्मचारी राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता शुक्रबारदेखि पोखरामा सुरु हुँदैछ । शनिबारसम्म पोखरा रंगशालामा चल्ने प्रतियोगिता स्थानीय निकाय कर्मचारी संघ जिल्ला समिति कास्की र पोखरा उपमहानगरपालिका इकाइको संयुक्त आयोजना गरेको हो ।

स्थानीय निकायका कर्मचारीको बीचमा अपसी भाइचारा र सम्बन्ध विस्तार गर्न प्रतियोगिता आयोजना गरिएको मूल आयोजक समितिका संयोजक इन्जिनियर महेन्द्रबहादुर गोदारले जानकारी दिए ।

प्रतियोगितामा देशभरका स्थानीय निकायबाट डबलमा २९ र सिंगलमा ३२ टिमको सहभागी हुने प्रचार प्रसार उपसमिति संयोजक एवं इन्जिनियर ध्रुव भट्टराईले बताए । प्रतियोगिताको उद्घाटन नेकपा एमालेका सचिव योगेश भट्टराईले गर्ने कार्यक्रम छ ।

प्रतियोगितालाई सम्पन्न गर्न गोदारको संयोजकत्वमा १३ सदस्यीय मूल आयोजक समिति र ४ वटा विभिन्न उपसमिति गठन गरिएको छ ।

# सेपाक तात्रोका खेलाडी छनोट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

पूर्वाञ्चलमा हुने सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि नेपाल सेपाक तात्रो संघ पश्चिमाञ्चल क्षेत्रिय संघले खेलाडी छनोट गरेको छ । पञ्चिमाञ्चल क्षेत्रीय स्तरीय सेपाक तात्रो खेलाडी छनोट प्रतियोगिता २०७३ मा पश्चिमाञ्चल बाट पुरुष तर्फ १२ जना र महिला तर्फ ५ जना खेलाडी छनोट भएका छन् । प्रतियोगिताका लागि नवलपरासी जिल्लाबाट पनि खेलाडी छनोट गरेको छ । संघले पुरुष तर्फ अनिल गुरुङ, संगीन थापामगर, रोशन तामाङ, विजय महतो, नर बहादुर मगर, विशाल गरन्जा, हरि बहादुर वाग्ले क्षेत्री, जुन बहादुर लुङगेली, श्रीजन सारु, राजेन्द्र थापामगर, विपिन थनाते, असिम सुस्लिङ र महिला तर्फ सोमाया थापामगर, कल्पनाकुमारी चौधरी, सलिना थापा, अञ्जु चौधरी, र यामकला न्यौपानेलाई छनोट गरेको कास्की जिल्ला संघका अध्यक्ष याम बहादुर गुरुङले जानकारी दिए । छनोटमा परेका खेलाडिले पुर्वाञ्चलमा हुने सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिने समेत बताए। प्रतियोगीताको प्राविधिक संयोजकमा नेपाल सेपाक तात्रो संघ कास्कीका कोषध्यक्ष तथा राष्ट्रिय रेफ्री मोहोन गुरुङ रहेका थिए । संघका केन्द्रीय अध्यक्ष नेत्र प्रसाद गुरुङको प्रमुख अतिथ्यतामा सम्पन्न छनोट प्रतियोगिता संस्थाका सचिव नेत्र सारुले संचालन गरेका थिए ।

# लालीगुँरास सेभेन ए साइड फुटवल हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

लालीगुँरास एसोसिएसन क्लबको आयोजनामा प्रथम लालीगुँरास खुल्ला सेभेन ए साइड फुटबल कप-२०७३ हुने भएको छ । 'वि क्यान चेन्ज' भन्ने मुल नाराका साथ पुष ८ गतेदेखि पुस १५ गतेसम्म अंमरसिह खेलमैदानमा हुने प्रतियोगिता संयोजक सुमन गुरुङले जानकारी दिए ।

प्रतियोगितामा करिब ४५ टिम सहभागिता रहने संयोजक गुरुङले बताए । प्रतियोगितामा प्रथम हुने टिमले नगद १ लाख २५ हजार ५ सय ५५ रुपैयाँ, कप, मेडल र प्रमाण-पत्र र द्वितीय पुरस्कार ७५ हजार ५ सय ५५ सहित कप मेडल र प्रमाण-पत्र प्रदान गरिने संयोजक गुरुङले बताए ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी, गोलरक्षक, मिडफिल्डर, सवाधिक गोलकर्ता, डिफेन्डर, स्टाइकर र अनुशासित टिमलाई पुरस्कृत गरिने उनले बताए । खेलमा क्वाटर फाइनलबाट म्यान अफ द म्याचको पुरस्कार समेत प्रदान गरिने छ । एक हप्तासम्म चल्ने प्रतियोगिता सम्पन्न गर्न करिब ७ लाख ८३ हजार १ सय १० खर्च लाग्ने र ९ लाख आम्दानी हुने आयोजकको अनुमान छ ।

# बालबालिकालाई खोपको मात्रा पुऱ्याउन सुझाव



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० मंसिर ।**

प्रभावकारी ढंगले बालबालिकाहरुलाई खोपको मात्रा पुऱ्याउन एक कार्यक्रमका वक्ताहरुले सुझाव दिएका छन । स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागको आयोजनामा बुधबारदेखि पोखरामा सुरु भएको पूर्ण खोप सुनिश्चितता प्रभावकारी र दिगो बिषयक दुई दिने पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठीमा वोल्दै वक्ताहरुले भोलिका भविष्यका कर्णधार आजका बालबालिहरु भएकोले उनीहरुको स्वास्थ्य अवस्था राम्रो बनाउने अभियानमा खोप मात्रा प्रभावकारी ढंगले बालबालिकाहरुको पहुचमा पुराउन सुझाव दिएका हुन ।

गोष्ठीको उद्घाटन गर्दै महिला बालबालिका ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिका सदस्य तथा सांसद शारदा पौडेलले मोटो रकम खर्चिएर पनि १३ प्रतिशत बालबालिहरु खोपबाट बञ्चित भएकोमा दुःख व्यक्त गरिन । उनले गाउँ-गाउँ र टोल टोलमा स्वयम सेवकहरु परिचालन गर्न समिति गठन गर्न निर्देशन दिईन।

पश्चिमाञ्चल क्षेत्रीय प्रशासक खगराज बरालले शिक्षा र स्वास्थ्य दुबै बिषयलाई एकै साथ अघि बढाउन नसके अशिक्षाका कारण धेरै प्रकारका रोगहरु लाग्ने दाबी गरे। अशिक्षित ठाउँमा धेरै प्रकारको खोपको मात्रा नपुगेको कारणले गर्दा पनि रोगको संक्रमण बढ्ने उनले बताए ।

वाल स्वास्थ्य महाशाखा निर्देशक डा. राजेन्द्र पन्तले बार्षिक करीब ३ अर्व रुपैयाँ खोपको लागि नेपाल सरकारले दातृनिकायसंगको समन्वयमा बर्षेनी खर्च गर्दै आए पनि अझै १३ प्रतिशत बालबालिकाले खोप सेवा नपाएको दाबी गरे ।

स्थानीय विकास मन्त्रालयका गोविन्द पाण्डेले पूर्ण खोपयुक्त नभई वालमैत्री वन्न नसक्ने दाबी गरे ।

जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख दिनेश चापागाइले पूर्ण खोपका लागि सवै क्षेत्रबाट सहयोग आवश्यक भएको बताए ।

पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक डा. तारानाथ पौडेलको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो । कार्यक्रममा १६ जिल्लाका जनस्वास्थ्य अधिकृत, खोप सुपरभाईजर अधिकृत, जिविसका योजना अधिकृत लगायतको सहभागिता रहेको छ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र
सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews .com .np

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : कुक केल्पर — संख्या : २ जना
पद : वेटर — संख्या : २ जना
पद : किचन हेल्पर — संख्या : १ जना
पद : डिसवासर — संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि विशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा**

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति पुष २ गते शनिबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्

हाम्रो सेवाहरू:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसुत्र विधीद्वारा विना अपरेसन गरिन्छ ।

विरामी जाँच्ने समय : बिहान ९ बजेदेखि ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा